bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY




वर्ष ४२ अंक २७ | २०८० वैशाख २९ गते शुक्रबार, नेपाल सम्वत् ११४३ May 12, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**कहिले बन्छ यो पुल :** तनहुँको शुक्लागण्डकी नगरपालिका-७ र भिमाद नगरपालिका ८ जोड्ने सेती दोभानमा निर्माणाधिन पुल । २०७१ सालमा सम्झौता गरी पुल निर्माण कार्य अगाडि बढाइएपनि पटक पटक म्याद थप गरिएपनि हालसम्म सम्पन्न हुन सकेको छैन । यो पुल असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी म्याद थपिएको छ । *तस्विर : भञ्ज्याङ*

# नक्कली भुटानी शरणार्थी प्रकरणमा मिलाउन खोजेका थिए, सकेनन् : अध्यक्ष ओली

## एमाले केन्द्रीय कमिटी बैठक : विभिन्न प्रतिवेदन पेस

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार पार्टी केन्द्रीय कमिटी बैठकमा भुटानी शरणार्थी प्रकरणबारे लामो वक्तव्य दिए। बैठकमा राजनीतिक प्रतिवेदन पेश गर्नुअघि करिब सवा एक घण्टा बोलेका उनले ४५ मिनेट भन्दा बढी समय यही विषयमा बोले । उनले भुटानी नागरिक कसरी नेपाल आइपुगे, उनीहरूलाई झापामा बसोबासको व्यवस्था कसरी भयो र भुटान फर्काउने प्रयास कसरी असफल भयो भन्नेबारे आफ्ना धारणा राखे ।

आफू गृहमन्त्री भएका बेला र पछि उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री भएका बेला भुटानी शरणार्थीलाई स्वदेश फर्काउन पहल गरेको तर भुटानले उनीहरूको नामै सुन्न परराष्ट्रमन्त्री) सँग कुरा हुँदैछ नि होइन र भन्नुभयो । त्यहीँ राम्रोसँग कुरा गर्नुस् भन्नुभयो ।' ओलीले भने।

ओलीले आफ्नो प्रयासबाट भुटानी शरणार्थी तेस्रो देश पुनर्बास कार्यक्रम सुरू भएको भन्दै सन् २००८ देखि तेस्रो देश पुनर्बास सुरू भएको र २०१० सम्म चलेको भन्दै ओलीले त्यसपछि बाँकी रहेका भुटानी शरणार्थीलाई पुनर्बास गर्न ज्वाइन्ट भेरिफिकेसन टिम बनेको बताए ।

'१२ भन्दा अगाडि नक्कली मान्छे पठाए कि पठाएनन् थाहा भएन । तेस्रो देश पठाइएका भुटानी शरणार्थी १ लाख जना पुगेको अवसरमा कार्यक्रम भएको र त्यहाँ आफूले बाँकी रहेका भुटानी शरणार्थीका समस्या समाधानका लागि तीनवटा विकल्प दिएको ओलीले बताए ।

उनका अनुसार पहिलो विकल्प भुटान पठाउने, दोस्रो विकल्प तेस्रो देश पुनर्बास र तेस्रो विकल्प नेपालमै राख्ने विकल्प दिएका थिए । 'तेस्रो देश पुनर्बासका लागि केही प्रमाण पुगेन, केही भएर बाँकी रहे भने नेपालले एकोमोडेट गर्ने । तर नेपालको रिपोर्ट भेटिएको र प्रहरीले कुन नक्कली र कुन सक्कली छुट्याउने काम गरिरहेको र केही दिनमा मुद्दा अदालतमा पेश गर्नुपर्ने भएकाले को कसको संलग्नता रहेको छ खुल्ने बताए । यो समिति बनेपछि नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने गिरो सक्रिय बनेको भन्दै ओलीले त्यसमा सरकारी कर्मचारी र राजनीतिक नेतृत्व सहभागी भएको बताए । 'गिरोहकै रूपमा केही मान्छेले यो धन्दा अगाडि बढाए र त्यो कुरामा केही सरकारी कर्मचारी फस्दै गए। सरकारी कर्मचारी नकिनिएमा नबिकेमा सरकारी कर्मचारीको संलग्नताविना यो काम अगाडि बढ्न सक्दैन' उनले भने, 'सरकारी कर्मचारी र राजनीतिक व्यक्ति केही इन्भल्भ भए भन्ने छानबिनबाट आउँछ ।' ओलीले यो घटना अनुसन्धानमा प्रधानमन्त्री र गृहमन्त्रीको कुनै भूमिका नहुने भन्दै ओलीले प्रहरीलाई निष्पक्ष ढंगले काम गर्न दिनुपर्ने बताए । आफूले प्रधानमन्त्रीलाई भेटेर निर्दोष नफसुन्, दोषी नउम्किउन् भनेको पनि ओलीले बताए ।






नचाहेपछि असफल भएको बताए। परराष्ट्र मन्त्री हुँदा संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका गएका बेला आफूले तत्कालिन राष्ट्रपति जर्ज डब्लु बुसले दिएको रिसेप्सनमा तेस्रो देशको पुनर्बासको कुरा उठाएको र सकारात्मक जवाफ पाएको बताए ।

'हामीलाई ठूलो समस्या भयो, यो समस्या थन्किँदै जाँदा हामीले थेग्न सक्दैनौं । त्यसकारण महामहिम राष्ट्रपतिज्यू हामीलाई सहयोग गर्नुपर्‍यो भने । उहाँले तपाईको कोन्डालिजा राइस (तत्कालिन अमेरिकी

१२ भन्दा पछाडि गिरोह सक्रिय भएको पाइन्छ। मैले त्यसको तथ्य प्रमाण खोजिरहेको छु' ओलीले भने । यसबारे तथ्य प्रमाण खोजेर जेठ ४ गते आफूले प्रतिनिधिसभामा सम्बोधन गर्ने ओलीले बताए । 'सम्भतव ४ गते पार्लियामेन्टमा बोल्छु, ४ गते बोल्ने बेलासम्म कुन शरणार्थीको नाममा कहाँको मान्छे कसले पठायो को संलग्न छ भन्ने तथ्य पेश गर्ने कोशिस गर्छु । त्यसबेला तीन साढे ३०० मान्छे बाहिर पठाइएको बुझिन्छ' ओलीले भने ।

आफू प्रधानमन्त्री भएका बेला क्यापासिटीले पुग्दैन । उनीहरूलाई घर बनाइदिने, उनीहरूका लागि व्यवसायको प्रबन्ध गर्ने काममा हामीलाई सहयोग चाहिन्छ भनेको थिएँ' ओलीले भने । पछि भुटानी शरणार्थीलाई पुनर्बास गराउन समिति बनेछ भन्दै ओलीले उक्त समिति बनेको थाहा नभएको बताए। 'समिति बनेछ मलाई थाहा भएन । प्रधानमन्त्रीलाई थाहा हुने कुरा पनि भएन । कुन तहमा कसरी बन्यो मलाइ थाहा भएन । पछि आएर थाहा पाएँ मन्त्रीस्तरबाट कतैबाट बनेछ' उनले भने।

अहिले उक्त समितिको दुईवटा

### पक्राउ परिसकेकाहरूलाई छाडियो, बयान फेरियो

अध्यक्ष ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा २०७९ जेठमै तत्कालिन सरकार र प्रहरी नेतृत्वले सामसुम पार्ने प्रयास गरेको आरोप पनि लगाए। पीडितहरूले २०७९ जेठ ३० मा प्रहरीमा उजुरी दिएको र आरोपितको बयान सुनेपछि छाडिएको पनि उनले जिकिर गरे । अध्यक्ष ओलीले त्यतिबेला पीडितको पैसा फिर्ता गरेर घटना सामसुम पार्ने प्रयास गरे पनि पीडितहरू धेरै भएकाले

बाँकी अन्तिम पेजमा

# शिक्षा सुधारका लागि दिल्लीका नमूना विद्यालय भ्रमण

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको आँबुखैरेनी गाउँपालिकाले पालिकाको शिक्षा सुधारका लागि अनुभव आदानप्रदान गर्ने उद्देश्य सहित भारतको दिल्लीस्थित नमूना विद्यालयको भ्रमण गरेको छ । गाउँपालिकाले अगाडी सारेको शैक्षिक सुधार अभियान अन्तर्गत दिल्लीका नमूना विद्यालयको भ्रमण गरी त्यहाँको असल अभ्यासको सिकाइ गर्न खोजिएको हो । म्यान भ्यालुज एण्ड ट्रान्सफर्मेटिभ लर्निङ दिल्लीको निमन्त्रणामा गाउँपालिकाका अध्यक्ष शुक्र चुमानको नेतृत्वमा वैशाख २२ देखि २६ सम्म विभिन्न विद्यालयको भ्रमण गरिएको छ ।

नयाँ दिल्लीमा अरविन्द केजरीवालको सरकारले अभ्यास गरेका विभिन्न विकासका मोडलहरू नजिकबाट अवलोकन गर्ने र त्यसबाट सिक्ने भ्रमणको मुख्य लक्ष्य रहेको चुमानले बताए। उनले भने, 'विशेषत शिक्षा क्षेत्रमा गरेको अभ्यासले हामीलाई निकै प्रभावित बनायो । विद्यार्थीलाई विद्यालय स्तरको अध्ययन पूरा गरेपछि उद्यमी बनाउन बनाउन उधमशिलता सिकाइ कक्षा, हरेक संकायमा प्रयोगशाला प्रयोगात्मक



सिकाइ जस्ता शिक्षण सिकाईले हामीलाई प्रभावित बनायो ।'

भ्रमणमा पालिकाले सुरू गरेको विद्यालय रूपान्तरण अभियान र स्कूल अफ एक्लेन्स सेक्टर–२३, रोहिनी तथा स्कूल अफ एक्सलेन्स सेक्टर ८, रोहिनीका प्रधानाध्यापक तथा शिक्षकहरूसँग अन्तरक्रिया गरिएको छ । भ्रमणबाट सिकेका भौतिक, आर्थिक, शिक्षण सिकाइ, प्रयोगात्मक शिक्षण लगायतलाई पालिकाले अनुसरण गर्ने जनाएको छ ।

# गण्डकीमा मन्त्रालयको नयाँ कार्यविभाजन

**भञ्ज्याङ समाचारदाता/पोखरा**

गण्डकी प्रदेश सरकारले मन्त्रालयको कार्यविभाजन हेरेफेर गरेको छ। विहीबार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ८ अनुसार मन्त्रालयको नयाँ कार्यविभाजन गरेको हो । सरकारको उक्त निर्णय विहीबारै प्रदेश राजपत्रमासमेत प्रकाशित भइसकेको छ। यसअघिको कार्यविभाजन नमिलेको देखिएकाले हेरेफेर र समायोजन गरिएको सरकारका प्रवक्ता एवं बिनाविभागीय मन्त्री सरस्वती अर्याल तिवारीले जानकारी दिनुभयो ।

नयाँ कार्यविभाजनअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ । अबदेखि शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्रदेशसभा मामला, कानुन, सञ्चार आदिको कार्यजिम्मेवारी समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्हाल्नेछ । कृषि तथा जलस्रोत मन्त्रालयले कृषि, पशुपक्षी, ऊर्जा, सिँचाइ र खानेपानी हेर्दै आएकामा अब ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालय छुट्टाछुट्टै रहने छ ।

आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय भने यथावत कायम छन् । अघिल्लो सरकारले मन्त्रालयको संख्या १२ बाट घटाएर सातमा झारेको थियो । नामअनुसार कार्यप्रकृति नमिल्दा यसअघि समायोजन भएका मन्त्रालयलाई कार्यसम्पादनमा जटिलता थपिएको थियो । मन्त्रालयको कार्यविभाजन हेरफेर भइसकेकाले अब सरकारले एक–दुई दिनमै पूर्णता पाउने प्रवक्ता तिवारीले बताउनुभयो ।

"गठबन्धन दलहरुबीच मन्त्रालयको बाँडफाँट पनि करिब टुङ्गिसकेको छ, अब मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदैन", उहाँले भन्नुभयो । कांग्रेसले मुख्यमन्त्री सहित चार, नेकपा (माओवादी केन्द्र)ले दुई र नेकपा (एकीकृत समाजवादी)ले एक मन्त्री पाउने जनाइएको छ । यही वैशाख १४ गते कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले यही वैशाख २१ गते प्रदेशसभाबाट विश्वासको मत पाइसक्नुभएको छ। साठी सदस्यीय प्रदेशसभामा कांग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एकीकृत समाजवादी)का एक गरी ३५ प्रदेशसभा सदस्यले उहाँलाई विश्वासको मत दिएका थिए । हाल मन्त्रिपरिषद्मा मुख्यमन्त्री पाण्डेसहित बिनाविभागीय मन्त्रीका रुपमा माओवादी केन्द्रका प्रदेशसभा सदस्य सुशीला सिम्खडा र कांग्रेसका सरस्वती अर्याल तिवारी रहनुभएको छ । मन्त्रालयको संख्या सातबाट नबढाइने प्रदेश सरकारले प्रष्ट पारेको छ ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# लिफ्ट सिंचाई

सिंचाई सुविधा नहुँदा तनहुँका ठूला तथा उर्वर टारमा आकाशे पानीको भरमा खेती गर्नुपर्ने अवस्था छ । सुख्खाटारमा सोलर प्रविधिबाट पानी तानेर सिंचाई सुविधा उपलब्ध गराउन थालिएको छ । शुक्लागण्डकीको करिब ४६० रोपनी क्षेत्रफलमा अहिले सिंचाइ सुविधा पुगेको छ । आकाशे पानीको भरमा खेती गर्दै आएका यहाँका कृषकहरु सोलार प्रविधिबाट सिंचाइ सुविधा पाउँदा उत्साहित छन् । शुक्लागण्डकी नगरपालिका-१० को लोकेतीटारमा स्थानीय क्याङ्दी खोलाबाट लिफ्ट प्रविधिबाट सिंचाइको सुविधा उपलब्ध भएपछि खेतीपातीमा सहज भएको कृषकहरूले बताउने गरेका छन् । आकाशे पानीको भरमा परम्परागत तरिकाले खेती गर्दै आएका कृषकहरू सोलर प्रविधिबाट पानी तानेर अहिले सिंचाइ सुविधा प्राप्त गरेका छन्। अहिले कृषकहरू व्यावसायिक रूपमा मौसमी तथा बेमौसमी खेती गर्ने तयारीमा जुटेका छन् । क्याङ्दी खोलामा सम्पवेल निर्माण गरी ७० मिटर उचाइमा लिफ्टमार्फत पानी तानेर २ वटा ट्यांकीमा संकलन गरिएको छ। ट्यांकीमा संकलित पानी करिब ४ किलोमिटर क्षेत्रफलमा पाइप बिच्छयाएर प्लट-प्लटमा पानीको धारा जडान गरिएको छ । उक्त धाराबाट करिब एक महिनादेखि पानी वितरण गरी सिंचाइ सुविधा उपभोग गर्दै आइएको छ । गण्डकी प्रदेश सरकारको करिब एक करोड २९ लाख रूपैयाँको लागतमा निर्माण गरिएको लोकेतिटार लिफ्ट सिंचाइ योजनाबाट करिब तीन सय उपभोक्ता लाभान्वित भएका छन् । यस्तै, सिस्नेरी ठूलोफाँट लिफ्ट सिंचाइ योजनाबाट तीन सय रोपनी क्षेत्रफलमा सिंचाइ सुविधा पुगेको छ । हिउँदमा खेतबारीमा सिंचाइको सुविधा नहुँदा कृषकले चाहे अनुसारको खेतीपाती गर्न सकिरहेका थिएनन् । सोलर प्रविधिको योजनाका कारण कृषकले अब हिउँदमा पनि हरियो सागसब्जी र तरकारी खेतीका लागि प्रयाप्त सिंचाइको उपलब्ध भएको छ । २०७५ सालदेखि सुरू भएको योजना हाल सम्पन्न भई विगत डेढ महिनादेखि धारामा पानी आएको छ । सुख्खा जमिनमा सिंचाइको लागि पानी पर्याप्त भए कृषकहरूले तरकारी खेती सँगसँगै धान खेती पनि गर्ने योजना बनाएका छन् ।

सिंचाइ सुविधा उपलब्ध भएसँगै कृषकहरूले गहुँ, धान, मकै, काउली, बन्द, तोरी लगायतका खेती गर्न थालेका छन् । सतहमा पानी भएका स्थानमा कुलो, नहरबाट र सतहमा पानी नभएका स्थानमा सोलार लिफ्टमार्फत सिंचाइको सुविधा उपलब्ध गराउन लागि परेको जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय दमौलीले जनाएको छ । कार्यालयले अहिले शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका र देवघाट गाउँपालिकामा सोलर लिफ्ट सिंचाइ योजना सम्पन्न गरिसकेको छ भने भिमाद-८ बाह्रबिसे र बन्दीपुरमा योजना निर्माणको चरणमा छन् । शुक्लागण्डकी-१० को लोकेतिटार, भिमाद-७ को सिस्नेरी र देवघाट-२ बेसारघारीमा सोलरका माध्यमबाट पानी लिफ्ट गरी सिंचाइको व्यवस्था गरिएको छ । योजना निर्माण सम्पन्न गरी सञ्चालनका लागि उपभोक्तालाई हस्तान्तरण गरिएको छ । भिमादस्थित सिस्नेरीमा ७९ लाख रूपैयाँ र देवघाटस्थित बेसारघारीमा एक करोड २१ लाख रूपैयाँको लागतमा योजना निर्माण गरिएको छ । लोकेतीटारमा २३, सिस्नेरीमा २७ र बेसारघारीमा ३२ वटा धारा निर्माण गरी सिंचाइको व्यवस्था मिलाइएको छ । सोलर लिफ्टको माध्यमबाट लोकेतीटारमा करिब ४६० रोपनी, सिस्नेरीमा करिब ३ सय रोपनी र बेसारघारीमा ६ सय रोपनी क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको छ । सिस्नेरी फाँटमा जमिनभन्दा ७० मिटर गहिराइमा खनिएको बोरिङबाट पानी लिफ्ट गरी ट्यांकीमा संकलन गरिएको छ । उक्त योजना अन्तर्गत ३ किलोमिटर क्षेत्रफलमा पाइप बिच्छयाइएको छ । त्यस्तै, बेसारघारीमा स्थानीय खोलामा पोखरी बनाएर पानी जम्मा गरी करिब ११० मिटर उच्चाईमा सोलरको माध्यमबाट पानी लिफ्ट गरिएको छ । सुख्खा टारमा सिंचाइ सुविधा उपलब्ध गराई स्थानीय कृषकहरूलाई व्यावसायिक रूपमा कृषि पेशा अंगाल्न सहज बनेको छ । पानीको श्रोतभन्दा सिंचाइको सुविधा पुर्‍याउनुपर्ने क्षेत्र अग्लो स्थानमा भएका ठाउँ विद्युतको माध्यमबाट लिफ्ट प्रविधि प्रयोग गर्दा महशुल चर्को आउने हुँदा कृषकलाई सहज रूपमा सिंचाइ सुविधा उपलब्ध गराउन सोलर प्रविधिको प्रयोग उपयोगि देखिएको छ । यो प्रविधि अन्य खेतीयोग्य फाँटमा प्रयोग गर्न स्थानीय सरकारले पनि नीति तथा कार्यक्रम बनाई अगाडि बढ्नुपर्ने देखिन्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई
Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी १०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, बिसापानी डुम्रे, तनहुँ

छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
Power FM 95.6 Get Set Power!
Power fm 95.6 MHz
स्टुडियो: बन्दिपुर-१, बिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ |
| एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| एम्बुलेन्स, आँबुखैरेनी | - ९८४६७४६२२२, |
| आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| नेकपा तनहुँ | - ५६०१३४ |
| आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

# न्यायमा सहज पहुँच छैन पीडितलाई

**लेखापढी व्यवसायी अर्थात् वकिलबाट लेखिने सबैखाले लिखतबापत पीडितले शुल्क बुझाउँछन् । पीडितले कानुन व्यवसायीलाई लिखत तयार गरेबापत बुझाउने शुल्कको कुनै निस्सा भने पाउँदैनन्। उनीहरूले तोकेअनुसारको शुल्क हातमै दिनुपर्दछ तर त्यसको न स्रेस्ता पाइन्छ न ती व्यवसायीहरूले आफूले लेखा राख्छन् । उनीहरूलाई यसरी हाताहाती दिइएको लिखतबापतको शुल्कबाट कर राज्य कोषमा जम्मा हुने कुरै भएन ।**

शुरबहादुर सिंह

हामी कस्तो न्याय प्रणालीबाट गुज्रिरहेका छौँ ? न्याय प्रणालीको सम्पादन कसरी हुन्छ? त्यसका लागि अपनाउनुपर्ने प्रक्रिया के हो भन्ने कुरा धेरै नेपालीले बुझेका छैनन् । जो घर, समाज, छिमेक र समुदायबाट विभिन्न पीडा खेपेर न्याय प्राप्तिका निम्ति कानुनी निकाय ढकढक्याउन मुद्दा प्रक्रियामा जान्छन्, अनि पहिलो खुट्किलादेखि नै उनीहरूलाई पीडा सुरू हुन्छ। पीडितलाई व्यक्तिगत, आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक विषयलाई कारण बनाएर घर समाजले पीडा दिएको हुन्छ। त्यही पीडा सहन नसकेर न्याय पाउन न्यायलयमा आउने एकाधबाहेक सबै पीडित आर्थिकरूपले कमजोर एवं विपन्न नै हुन्छन् । उनीहरू घर समाज आफन्तबाटै एक्लिएर न्यायलयमा आउँछन् । न्याय पाउने आशामा न्यायलय आउने उनीहरू भने धेरै ठूलो समस्या झेलेर अन्याय खेप्ने गरेको धेरै उदाहरणहरू छन् ।

घर समाज र छिमेकबाट पीडित हुने सबैभन्दा बढी महिला नै हुन्छन् । त्यसपछि दलित, गरिब, ज्येष्ठ नागरिक र बालबालिका पीडामा परेको घटना हाम्रो समाजमा धेरै पाउन सकिन्छ । महिला प्राय:आफ्नो श्रीमान् र आफन्तबाट पीडित हुने गर्दछन्। दलित कथित माथिल्लो जाति, गरिबहरू धनी र बलियो वर्ग, ज्येष्ठ नागरिक घर र बालबालिका परिवारसहित समाजको आपराधिक गिरोहबाट पीडित हुन्छन् । उनीहरूले न्याय पाउन सुरुमा धाउने निकाय भनेको प्रहरी प्रशासन नै हो । जुन निकाय सम्भ्रान्त वर्गबाट प्रभावित हुँदा त्यहाँ सामान्य ठाडो निवेदनले पीडितलाई न्याय दिलाउने कार्यको थालनी कार्य सकसपूर्ण हुन्छ । समाजको लक्षित वर्ग पीडित भएर आउँदा महिला तथा घरेलु हिंसा, अभद्र व्यवहारलगायतका जाहेरी दर्खास्त प्रहरी आफैँले लेख्न सक्ने व्यवस्था हुन्छ तर पनि उनीहरू विभिन्न दोष एवं आरोपबाट मुक्त हुन वकिलबाट लेखेर ल्याउन पीडितलाई सुझाउँछन् । अर्धन्यायिक निकाय प्रशासन प्रहरीसहित न्यायलयको नजिक हुनेका लागि केही सहज भए पनि ग्रामीण भेगबाट आउने पीडितहरूका लागि गास, बास र सुरक्षितस्थलको व्यवस्था गर्न नसक्ने अवस्था हुन्छ । त्यस्तो अवस्थामा कानुनी साहयता तथा परामर्श केन्द्रमा पुगेर वकिलबाट जाहेरी दर्खास्त लेखाउँदा पीडितहरूलाई झन् ठूलो आर्थिक एवं मानसिक पीडा सुरु हुन्छ । त्यहीँबाट उनीहरूको जीवनमा हार मानसिकता र निरासा उत्पन्न हुन्छ ।

**शुल्क मनोमानी असुलिन्छ**

पीडितले न्याय प्राप्तिका लागि सम्बन्धित निकायमा कानुनी बाटो अपनाउँदै लिखितरूपमा दिने र ती निकायले ग्रहण गर्ने जाहेरी दर्खास्त निवेदन, घरायासी लिखित, बैनापट्टा, भर्पाई, तमसुक र अदालतमा प्रयोग गरिने फिरादपत्र, मुचुल्का, बकपत्र यी सबै लिखत हुन् । ती लिखत लेख्ने र लेखेबापत सेवा शुल्क लिने प्रचलन निर्वाध चलिरहेको छ । ती लिखतको दररेट (शुल्क) मापदण्ड कति हो भन्ने कतै पाउन सकिँदैन । मूलत:आर्थिक आत्मनिर्भरता नभएकै कारण धेरै पीडा लिएर आएका महिला तथा विपन्न वर्ग त्यहीँबाट अगाडि बढ्न निरूसाहित हुन्छन् । अभद्र व्यवहार, महिला हिंसाको जाहेरी दर्खास्त लेखाउँदा कानुन व्यवसायीले मनोमानी रकम असुलेको पाइन्छ। उनीहरूले एउटा लिखत तयार गरेबापत रू पाँच हजारदेखि ३५ हजारसम्म लिने गरेको पीडितले बताएका छन् ।

घरेलु हिंसापीडित महिला दिलमाया शाहीले कानुन व्यवसायीले कतै पाँच, कतै सात, १०/१५ हुँदै ३५ हजार रूपैयाँसम्म शुल्क लिने गरेको पीडा पोख्नुभयो । पीडित शाहीले भन्नुभयो, "पीडित आर्थिकरूपले निकै कमजोर हुन्छन् । जहाँ राज्यका निकायले त्यसमा विशेष सहयोग गर्नुपर्ने हुन्छ भनिन्छ तर न्याय पाउने हकमा उनीहरूले झनै ठूलो अन्याय खेप्नुपरेको छ ।" प्राय:पीडित समाजबाट नै एक्लिएका हुन्छन् । उजुरी हाल्दा साक्षी खोजिन्छ । त्यसमा पीडितका पक्षमा तीनदेखि पाँच जना साक्षी हुनुपर्ने भनिन्छ तर त्यो जुटाउन उनीहरूलाई हम्यहम्य हुन्छ । त्यसमा पीडित सदरमुकाम बाहिरको हुँदा आफू न्यायलयसम्म आउन धौधौ भइरहेका बेला साक्षीलाई पैसा भाडा हालेर न्यायलयसम्म पुर्‍याउन उनीहरूलाई त्यत्तिकै सकस हुन्छ ।

कानुनी संस्था जसले तयार गर्ने लिखत सम्बन्धित निकायले वैधानिक मान्ने हो भने लिखतको प्रकृति होला । कुन लिखत लेख्दा कति शुल्क लिने भन्ने दररेट वा मापदण्ड होला । अन्यथा पीडितबाट कुन कार्यविधि, मापदण्ड र निर्देशिकामा टेकेर सो शुल्क असुलिएको हो । कानुन व्यवसायीले आधिकारिक बिल, रसिद, भर्पाई वा निस्साबिना लिइने शुल्कलाई गैरअसुली मानिनुपर्ने आवाज उठ्न थालेको छ ।

**न रसिद दिइन्छ, न शुल्क लिएबापत कर तिरिन्छ**

लेखापढी व्यवसायी अर्थात् वकिलबाट लेखिने सबैखाले लिखतबापत पीडितले शुल्क बुझाउँछन् । पीडितले कानुन व्यवसायीलाई लिखत तयार गरेबापत बुझाउने शुल्कको कुनै निस्सा भने पाउँदैनन् । उनीहरूले तोकेअनुसारको शुल्क हातमै दिनुपर्दछ तर त्यसको न स्रेस्ता पाइन्छ न ती व्यवसायीहरूले आफूले लेखा राख्छन् । उनीहरूलाई यसरी हाताहाती दिइएको लिखतबापतको शुल्कबाट कर राज्य कोषमा जम्मा हुने कुरै भएन । यसरी असुल गरिने शुल्कबाट कानुन व्यवसायीले सरासर राजस्व छली गरेको पाइन्छ । पछि केही पर्दा अर्को जाहेरी दरखास्त नलेख्ने वा मुद्दाका अन्य काम नगरिदिने हो कि भन्ने डरले पीडितले आफूले बुझाएको शुल्कको रसिद नै माग्दैनन् र पैसा धेरै वा थोरै कति लिने दिने काम भएको भन्नेबारे पनि खुल्न चाहँदैनन् । यसमा लिने दिने दुवै पक्ष नखुले पनि पीडित नै बढी मारमा परेको पाइन्छ ।

कानुनी भाषा बोल्ने, लेख्ने र बहस गर्ने कानुन व्यवसायीले नै ऐन, नियम र मापदण्ड मिचेर राजस्व ठग्ने गरी शुल्क असुल्नुलाई कानुनसम्मत मान्न नसकिने तर्क गर्न थालिएको छ । 'कानुन व्यवसायीको पेसागत आचरण सम्बन्धी नियमावली, २०७९' को दफा ३ को (ज) अनुसार सेवाग्राहीलाई मुद्दामा लाग्ने अनुमानित खर्चमा पूर्वजानकारी दिने, शुल्कबापत सेवाग्राहीबाट रकम यथासम्भव बैंकबाट भुक्तानी लिने र भुक्तानीको भर्पाई दिने व्यवस्था गर्ने तथा सेवा शुल्कको हिसाब दुरूस्त राखी लेखापरीक्षण गराइ कर चुक्ता प्रमाणपत्र लिने उल्लेख गरेको छ ।

फर्म खोलेका सबै कानुन व्यवसायीले स्थायी लेखा नम्बर लिएकै छन् तर हाताहात लिएर खल्तीमा हालिने शुल्क रकमले स्पष्ट कारोबार कति हो भन्ने कुराको पारदर्शिता सजिलै पाउन सकिँदैन । अधिकांश कानुन व्यवसायीले कुनै मुद्दासँग सम्बन्धित लिखत तयार पारेबापत लिने शुल्क मनासिव नहुने गरी लिएको पीडितको भनाइ छ । सेवाग्रहीबाट शुल्क लिएपछि निस्सा वा रसिद कुनै पनि दिइँदैन र मनोमानी तरिकाले शुल्क असुल्ने गरिएको उनीहरूको भनाइ छ ।

**गैरकानुनी काम गर्नेलाई दण्डको व्यवस्था**

नियमावलीको दफा ३ को (झ) मा कुनै पनि कानुन व्यवसायी, फर्म वा कम्पनीले कानुनबमोजिम स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था गरेअनुरूप सो नम्बर लिए पनि सरकारलाई तिर्नुपर्ने राजस्वमा छली हुनसक्ने आशङ्का गरिएको छ। सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा, राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी, प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरे वा नबुझाएमा जस्ता गैरकानुनी काम गर्नेलाई दण्ड सजाय हुने व्यवस्था गरेको छ । कानुन व्यवसायीबाट भने यो खुलेआमा नै भएको पाइन्छ। उनीहरू आफैँले कुनै पनि लिखत लेखेबापतको निस्सा नदिएरै पैसा लिने गरेको बरू त्यसमा पीडितको अवस्था हेरेर केही कम रकम लिने गरेको बताएका छन् । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को परिच्छेद ५ को दफा २५ बमोजिम राजस्व चुहावट गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । नेपाल बार काउन्सिल परिषद्ले पीडितको कुनै पनि जाहेरीवालाको लिखतबापत भनेर शुल्क निर्धारण नगरिएको बताएको छ । कसैले कानुनविपरीत काम गरेबापत न्यायालयमा उजुरीका रूपमा दिने कानुनी लिखत तयार गर्न एवं कानुनको परिधिभित्र रहेर कानुनकै पालन गर्नेगरी त्यही विषयमा लेख्ने कानुन व्यवसायीले अवैध बाटोबाट मनोमानी तरिकाले शुल्क उठाउन नहुने तर्क गर्न सकिन्छ ।

**शुल्कका विषयमा के भन्छन् कानुन व्यवसायी ?**

सुर्खेतका अधिवक्ता गीता कोइरालाले पीडितको उजुरी लेख्नका कति शुल्क लिने हो भन्ने कुनै दररेट कायम नभएको बताउनुभयो । कानुन तथा लेखापढी व्यवसायीले आआफ्नै तरिकाले लिखत तयार गरेबापतको शुल्क लिने गरेको जनाउनुभयो । आफूले पीडितलाई जतिसक्दो सहज हुनेगरी सहयोग गर्दै आएको अधिवक्ता कोइरालाको भनाइ छ। उच्च अदालत बार एशोसिएसन सुर्खेतका अध्यक्ष उत्तम आचार्यले समझदारीका आधारमा लेनदेन हुने काम हुँदै आएको बताउनुभयो । जाहेरी, फिराद, प्रतिउत्तर, रिट, बहस लेखेबापत भुक्तानी दिने व्यक्तिको क्षमताका आधारमा लिने गरेको उहाँको भनाइ छ ।

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला । मिहिनेतले आंशिक सफलता भने दिलाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
सानो प्रयत्नले नाम, दाम र इनाम दिलाउनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सहयोगीहरु प्रशस्तै भेटिनेछन्। सोख तथा मनोरञ्जनमा भने खर्च गरिनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न भौतिक साधन जुटाउने समय छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
गरेका कामबाट तत्काल फाइदा नहुन सक्छ । लेनदेन र हिसाबकिताबमा होसियार रहनुहोला

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अरुको करकापमा काम गर्नुपर्ने स्थिति आउन सक्छ । नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
रमाइलो भेटघाट भए पनि आफन्तसँग सुमधुर सम्बन्धका लागि सजग रहनुपर्ला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
अवसर तथा सफलताले पछ्याउनेछन् । टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
ईर्ष्या गर्नेहरु सक्रिय रहनेछन् भने अवसरवादीहरुले कमजोरीको फाइदा उठाउन सक्छन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्न सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सुखद समाचारले उत्साह जगाउनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला । अरुको फाइदाका लागि उपयोग भइएला ।

# धार्मिक आस्थाको केन्द्र 'गह्रौंसुर'

तोलाकान्त बगाले/वालिङ

कुनैबेला प्यास मेटाउन बोत्तलमा पानी बोकेर जानुपर्थ्यो 'गह्रौंसुर' । वनको उकालो बाटो प्यास मेटाउने पानी र पूजाआजा पछि खानुपर्ने नास्ता बोकेर गह्रौंसुर जानुपर्ने बाध्यता थियो । गह्रौंसुरमा भगवती मन्दिर, कालिका मन्दिरको दर्शनका साथै मनमोहक दृश्यावलोकनका लागि दर्शनार्थी आउने गर्छन् । विशेषगरी बडादसैं र चैते दसैंमा यहाँ दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । यस मन्दिरमा पूजाआजा गर्नाले मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासका कारण यहाँ दर्शनार्थीको भीड हुने गर्दछ ।

नेपालको एकीकरणको जग राणा भूपालसिंहद्वारा रिडीघाटबाट लसर्घामा आई बेगमाता बेगेश्वरी कूल देवीको स्थापना गरिएको पाइन्छ । यी देवीलाई आलमदेवी भनिन्छ । सबैभन्दा पहिलो टाकुरे राज्यमध्येको खिलुङकोट थियो। इष्टदेवीका रूपमा खिलुङ कालिका स्थापना गरिएको थियो। भूपालसिंहका दुई छोरामध्ये जेठा छोरा जयन्तसिंहको भागमा भिरकोट, गह्रौंकोट र ढोर गरी तीन वटा राज्य थिए । कान्छा अजयसिंहको भागमा नुवाकोट, सतौंकोट र कास्की कोट पर्दथ्यो ।

जेठा जयन्तसिंह खाँणका पनि दुई छोरामध्ये जेठा सूर्य खाँणको अधिनमा भिरकोट राज्य स्थापना गरी कान्छा दशरथ खाँणको भागमा गह्रौंकोट र ढोर राज्य थियो । एघारौं पुस्तासम्म गह्रौंकोटमै मुकाम र दरबार खडा गरी राज्य गरेका थिए । कूल देवीका रूपमा आलमदेवी र इष्टदेवीकारूपमा गह्रौंकालिका देवी स्थापना भएको बताउनुहुन्छ इतिहासका जानकार दिलीपप्रताप खाँण ।

उहाँका अनुसार राजा दशरथ खाँणले १५५२ मा गह्रौंकालिकाको स्थापना गरेका हुन् । अन्तिम स्वतन्त्र राजा श्रीभक्त खाँणद्वारा गह्रौंसुरको दरबार त्याग गरी हालको घ्याङलिङ भन्ने स्थानमा दरबार बनाइ बसाइँ सरेको पाइन्छ । राजा दशरथ खाँणले सुर्कौदी, तल्लो बौवा फाँट, छेउडाँडा बारीसाथै चापाकोटतर्फ एक हजार दुई सय मुरी माटो गह्रौंकालिका देवीको नाममा व्यवस्था गरेका थिए।

ऐतिहासिक, धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वको स्थान गह्रौंसुरमा १५५२ मा गह्रौंकालिका देवीको प्राणप्रतिष्ठा गरिएको थियो । वैदिक विधि, तान्त्रिक विधि र प्राकृत विधिद्वारा देवीको मन्दिरमा पूजाअर्चना गर्ने चलन निरन्तर चल्दै आएको खाँणको भनाइ छ। सुरुमा तान्त्रिक विधिद्वारा पूजा गर्ने भट्ट थिए । वैदिक विधिअनुसार पूजा गर्ने पुजारी सुवेदी थिए । प्राकृत पूजा गर्नका लागि मास्की रानामगर थिए ।

गह्रौंकालिका जागृत देवी भएकाले पनि यहाँ भाकल गर्दा दर्शनार्थी तथा भक्तजनको मनोकाङ्क्षा पूरा हुने धार्मिक मान्यता रहिआएको पाइन्छ । गह्रौंसुरमा अवस्थित कालिका मन्दिरमा कर्तरी मन्त्र, बीज मन्त्र र माला मन्त्रद्वारा पूजा गरिन्थ्यो । पुरुष मन्त्र, स्त्री मन्त्र र नपुंसक मन्त्रद्वारा चार ऋतुको दसैंमा पूजा गर्ने चलन भए तापनि हाल आएर आश्विन शुक्ल प्रतिपदादेखि दशमी र चैत शुक्ल प्रतिपदादेखि दशमी तथा पूर्णिमासम्म विशेष पूजाआजा हुने गरेको उहाँले बताउनुभयो । औंसी, एकादशी, सोह्रश्राद्ध, चन्द्रग्रहण र सूर्यग्रहणका दिनबाहेक अन्य सबै दिनमा यहाँ श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ।

काली कूलअन्तर्गत १८ सिद्ध विद्यामध्ये रक्तकाली र कालीद्वारा शक्ति प्राप्त देवी हुन् । श्रीकूलअन्तर्गत 'मातङ्गी' देवीको शक्ति प्राप्त भएको जनविश्वास रहिआएको छ । दश महाविद्यामध्ये 'छिन्नमस्ता' तथा 'षोडशी विद्या'अन्तर्गत जीवित देवी पूजा विधिमा हाल आएर तान्त्रिक विधिका ज्ञाताको अभाव भएकाले तान्त्रिक विधिद्वारा पूजाआजा हुन छाडेको उहाँले बताउनुभयो ।




वैदिक विधिमा यजुर्वेदअनुसार शुक्ल यजुर्वेद र वेदान्तको मिमांसा दर्शनको आधारमा पूजा विधि गरिन्छ। त्यस्तै प्राकृत पूजा विधिको हकमा कोतघरमा बलि प्रथाद्वारा पूजा गरिँदै आइएको छ । अष्ट सिद्धीमध्ये प्राकाम्य सिद्धी' प्राप्त देवी भएकाले भक्तजनको इच्छा र अभिलाशाअनुसार वरदान दिनसक्ने देवीकारूपमा गह्रौंकालिकालाई लिन सकिने उहाँले बताउनुभयो । नौ गौण सिद्धीमध्ये 'अनुरमी सिद्धी' द्वारा आशिर्वाद प्राप्त गर्नसक्ने, त्यस्तै 'यथा संकल्प संसिद्धी' द्वारा भक्तजनको समस्या समाधान गर्ने देवीकारूपमा रहेको पाइन्छ । पाँच छुद्र सिद्धीहरूमध्ये 'प्रतिष्टम्भ सिद्धि' द्वारा साधकको शारीरिक, मानसिक, गहदशा, नक्षेत्रजन्य प्रतिकूलतालाई अनुकूल बनाउनसक्ने सिद्धी प्राप्त भएको देवीका रूपमा स्थापित भएकाले तीनवटै प्रकारका सिद्धिद्वारा देवीका भक्त, दर्शनार्थी र साधकलाई देवीको आशिर्वाद मिल्ने धार्मिक मान्यता रहिआएको बुझाइ उहाँको छ ।

समुद्र सतहदेखि एक हजार पाँच सय ९६ मिटरको उचाइ अवस्थित छ गह्रौंसुर । यहाँबाट स्याङ्जाका अधिकांश भाग, पाल्पा, तनहुँ, कास्की, नवलपरासी, पर्वतलगायतका जिल्ला सहजै अवलोकन गर्न सकिन्छ । उत्तरतर्फ लहरै हिउँले ढाकिएका मनमोहक हिमशृङ्खलाले जोकोही पनि आनन्दित हुन पुग्छन् ।

श्रवणकुमारका अन्धाअन्धी मातापिताको आँसुबाट उत्पत्ति भएको मानिएको आँधीखोला र दामोदरकुण्डलाई शिर मानी उत्पत्ति भई नागबेलीस्वरूपमा बहेको कालीगण्डकी र यसले बनाएका टार तथा फाँट अझ मनमोहक र आकर्षित देखिन्छन् । चारैतिरबाट वन जङ्गलले ढाकिएको र चुचुरोमा समथर र फराकिलो स्थान । विभिन्न खालका जडीबुटी तथा रङ्गीविरङ्गी चराचुरुङ्गी, जङ्गली जनावरको दृश्यावलोकन गर्न पाइन्छ । यहाँबाट बिहानको सूर्योदय र साँझको सूर्यास्तसमेत हेर्न सकिन्छ । यस ठाउँलाई धार्मिक पर्यटनसँग जोड्दै 'वालिङ-गह्रौंसुर-चापाकोट केबलकार' सम्भाव्यता अध्ययनको विषय उठ्ने गरेको छ ।

पछिल्ला वर्षमा गह्रौंसुरले पूर्वाधार निर्माणमा फड्को मारेको छ । पुराना पूर्वाधार रहेको गह्रौंसुरमा आधुनिक भौतिक पूर्वाधार निर्माण भइरहेका छन् । भगवती मन्दिर, कालिका मन्दिर, सुविधासम्पन्न अतिथि गृह, खानेपानीको सहज उपलब्धता, कोतघर निर्माण, हेलिप्याड, रङ्गशाला, सभाहल, ढुङ्गेधारा, धर्मशाला, चमेना गृह, शौचालय, पक्की सडकमार्ग तथा पक्की पदमार्ग, दृश्यावलोकन केन्द्र, प्रवेशद्वार, मन्दिर परिसरमा ढुङ्गा तथा टायल छाप्नेलगायतका काम भएका गह्रौंसुर धार्मिक एवं पर्यटकीय केन्द्रका कोषाध्यक्ष सुरजप्रताप खाँणले बताउनुभयो ।

मन्दिर परिसरमा परिक्रमा गर्नका लागि चक्रपथ निर्माण गरिएको छ । मन्दिर पुग्नका लागि वालिङ-८ काफलडाँडाबाट दुई किमी आठ सय मिटर सडक ढलाइ तथा कालोपत्र गर्नेक्रम चलिरहेको गह्रौंसुर धार्मिक एवं पर्यटकीय केन्द्रका अध्यक्ष केशभक्त गुरुङले बताउनुभयो ।

धार्मिक पर्यटकलाई मध्यनजर गरी सुविधासम्पन्न अतिथि गृह र प्रतिक्षालय निर्माण गरिएको छ । आगामी असारसम्म निर्माण कार्य सक्नेगरी हेलिप्याड, स्टेडियम, सभाहल, शौचालय, मन्दिर प्रांगणमा ढंगा छपाइ, दृश्यावलोकन केन्द्र, ढुङ्गेधारा, प्रवेशद्वारको काम भइरहेको छ । त्यस्तै गुठी संस्थानको सहयोगमा 'कोत घर' निर्माण गरिएको छ । रासस

# दूध उत्पादनको केन्द्र बनाउँदै बागमती प्रदेश

नारायण अधिकारी/चितवन

बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेशलाई दूध उत्पादनको केन्द्र बनाउने योजना अघि सारेको छ । मन्त्रालयले प्रदेश भित्रका तराईका जिल्लामा ३० हजार लिटर दूध संकलन क्षेत्र र पहाडमा पाँच हजार लिटर दूध संकलन हुने क्षेत्रलाई समेटेर दूध 'जोन' बनाउन सुरु गरेको हो । मन्त्रालयका सचिव डा शरण पाण्डेका अनुसार यस आर्थिक वर्षमा चितवन, काभ्रे र ललितपुरमा गरी पाँच जोन बनिसकेका छन् । चितवन र काभ्रेमा दुई/दुई जोन बनेका छन् भने ललितपुरमा एउटा बनेको छ ।

आगामी आवमा यो सङ्ख्यालाई बढाउँदै लैजाने मन्त्रालयको योजना छ । दूध जोन बनिसकेपछि सो क्षेत्रमा रोगविरुद्धको सुई दिने, पशु आहारको कार्यक्रम लैजाने, दूध उत्पादन वृद्धिका अन्य कार्यक्रम अघि सार्ने, प्राविधिक सेवा दिने, नश्ल सुधारका कार्यक्रम सञ्चालन गर्ने, व्यावसायिक ढङ्गबाट गोठ सुधारका कार्यक्रम गरिँदैछ । जोनभित्र दूध कम आएका पशुलाई सुधार गर्न गाईभैंसी पुनःस्थापना केन्द्रसमेत बनाइँदैछ । ती पशुलाई उपचार गरेर पूर्ववत् अवस्थामा फर्काइ पुनःकिसानलाई दिइनेछ । चालु आवमा ढिलो गरी कार्यक्रम सुरु भएकाले रु एक करोड हाराहारी खर्च गरिँदै छ भने आउँदो वर्ष जोन थप्ने गरी बजेट विनियोजन गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

पाण्डेका अनुसार नेपालमा वार्षिक २५ लाख मेट्रिकटन दूध उत्पादन हुँदै आएको छ । त्यसमध्ये बागमती प्रदेशमा छ लाख मेट्रिकटन दूध उत्पादन हुन्छ । एक जनालाई वार्षिक ९१ लिटर दूध आवश्यकपर्ने तथ्याङ्क छ । आत्मनिर्भर हुनेगरी दूध उत्पादन गर्न जोनको अवधारणा ल्याइएको उहाँले बताउनुभयो । जोनका लागि दूध नपुगेको अवस्थामा दूध बढाउने अन्य कार्यक्रम लगेर जोनमा परिणत गर्न गरी प्रदेशले कार्यक्रम अघि सारेको उहाँ बताउनुहुन्छ । जोनभित्र एक/दुई पशु पाल्नेलाई एकीकृत गरी एकै ठाउँमा एकै व्यक्तिले हेर्नेगरी कम लागतमा दूध उत्पादन गर्न उत्प्रेरणासमेत यसै कार्यक्रममार्फत गरिँदैछ ।

जोनभित्रका दक्ष र अनुभवी कृषक तथा साना किसानलाई सीप आदानप्रदान गर्नेगरी कार्यक्रम अघि सारिएको छ । अनुभवी किसानको फार्मलाई लाइभस्टक इपिसेन्टरका रूपमा विकास गर्ने योजना बनाइएको उहाँ बताउनुहुन्छ । दूध जोनलाई विस्तार गर्दै लगेर समग्र प्रदेशलाई दूध उत्पादनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ पाण्डेले भन्नुभयो, "किसान र हामी सँगसँगै दूध उत्पादन वृद्धि गर्न लाग्ने गरी जोनको विकास गर्दैछौं ।"

मन्त्रालयद्वारा स्वीकृत पशुपक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ अन्तर्गत दूध जोन निर्धारण गरिएको हो । चितवनका भरतपुर महानगरपालिकाका आठ र रत्ननगर नगरपालिकाका ११ गरी १९ वडालाई दूध जोन निर्धारण गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र चितवनका प्रमुख सुशील केसीका अनुसार भरतपुरका वडा नं १३, १४, १५, १६, २२, २१, ५ र ६ लाई समेटेर दूध जोन निर्धारण गरिएको छ । रत्ननगरका वडा नं ८, ९, १०, ११, १२, १३, १४, १५, १६, ३ र ५ लाई दूध जोन क्षेत्र तोकिएको छ ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले दूध जोन कार्यक्रमले दूध उत्पादन वृद्धिमा सघाउने बताउनुभयो। उहाँले किसानले माग गर्दै आएको कार्यक्रम प्रदेशले ल्याएको जनाउँदै यो कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । उहाँले भन्नुभयो, "यो हाम्रो माग हो, यसले परिणाम दिन्छ, जुन विधि अपनाइएको छ, यो अत्यन्त राम्रो छ।" दूध उत्पादन वृद्धिका लागि महत्वपूर्ण हुने जनाउँदै उहाँले यसले साना किसानलाई व्यावसायिक बनाउन प्रेरणा दिने बताउनुभयो । यो कार्यक्रमसँगै बाच्छी हुर्काउने कार्यक्रम थप गर्न आफूहरूले माग गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बाच्छी हुर्काउने कार्यक्रम भयो भने भारतबाट गाई आयात गर्नु पर्दैन ।"

प्राविधिकको प्रत्यक्ष निगरानीमा जोन कार्यक्रम सञ्चालन भइरहेको भन्दै उहाँले यसबाट किसान प्रत्यक्ष लाभान्वित हुने बताउनुभयो। चितवनमा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । यो कार्यक्रमसँगै उत्पादन बढ्ने अपेक्षा किसानको छ । रासस

# न्यायमा सहज पहुँच ........

आर्थिक अवस्था कमजोर भएका पीडितलाई न्यून शुल्क लिएर पनि काम गरिएको उहाँले जनाउनुभयो । अध्यक्ष आचार्यले भन्नुभयो, "निस्सा लिँदा अलि बढी लिएर मात्र निस्सा दिइन्छ । शुल्क निर्धारणका बारेमा कानुन व्यवसायी परिषद् ऐनमा समेत उल्लेख गरेको छैन । राज्यले कि कानुन बनाएर तोकेमा एउटा कुरा हुने भयो अन्यथा बार काउन्सिलमा समेत कति शुल्क लिने भनेर निर्धारण गरेको छैन ।"

नेपाल बार एकाइ सल्यानका अध्यक्ष चन्द्रप्रकाश ओलीले जाहेरी निवेदन लेखेबापत रु दुईदेखि तीन हजार र फिरादपत्र लेखेको रु आठ हजार दुई सयसम्म लिने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारी मुद्दामा वकिलअनुसार फरकफरक तरिकाले शुल्क लिइन्छ । ती मुद्दामा रु २० हजारसम्म लिएको पनि पाइन्छ।" नियमसम्मत शुल्क लिने दिने काम नहुँदा समस्या भएको उहाँको भनाइ छ। उच्च अदालत सुर्खेतका रजिस्टार अर्जुनप्रसाद कोइरालाले लेखापढी तथा कानुन व्यवसायीले लिखत तयार गरेबापत लिने शुल्कको कुनै पनि मापदण्ड र दररेट नभएकाले आपसी समझदारीका आधारमा शुल्क लिने दिने अभ्यास रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "शुल्कबारे मापदण्ड अहिलेसम्म तयार भएको छैन । हाम्रो न्यायपालिकाले तयार गर्नुपर्दछ भन्ने प्रयास र अध्ययन अनुसन्धान भएको थियो तर त्यसैमा सीमित रह्यो । शुल्कको सामान्यतया मापदण्डसहित दररेट तयार हुनुपर्दछ।"

आम्दानी गरिसकेपछि करको कुरा आउने तर हाताहाती लिँदा राज्यलाई कर नजाने कुरा निकै गम्भीर भएकाले यसलाई कानुन दायरामा ल्याउनुपर्ने भन्दै उहाँले सेवा दिएबापत निस्साबिना लिइने शुल्कले आफैंमा अनियमितता भएको प्रतिक्रिया दिनुभयो । त्यसको साथै पीडितका जाहेरी निवेदन लेख्ने प्रहरीको भूमिकाबाट प्रहरीले आफू पन्छिन नहुने उहाँको भनाइ छ ।

कर्णाली प्रदेशका नागरिक अगुवा एवं बुद्धिजीवी पीताम्बर ढकालले कानुनी काममा कुनै पनि मापदण्ड र दररेटबिना लिइने शुल्क गैरकानुनी असुली भएको बताउनुभयो । "मैले पनि अहिलेसम्म मुद्दा मामिलामा कुनै पनि लिखत तयार गरेबापत यति शुल्क लिइने भनेर दररेट तयार गरेको पाएको छैन । यो राज्यकै कमजोरी हो", उहाँले भन्नुभयो, "यसमा न्यायालय र बार काउन्सिलको समन्वयमा एउटा मापदण्ड तयार हुनुका साथै नियमन गर्ने व्यवस्था बन्नु पर्दछ अन्यथा नागरिक लुटिनेक्रम निर्वाध चलिरहन्छ।" यसबाट खासगरी महिला, दलित र गरिब वर्ग बढी मारमा परेकाले न्यायमा निर्वाध पहुँचको सुनिश्चितता भएमा उनीहरूले विधिको शासन र कानुनी राज्यको अनुभूति गर्न सक्नेछन् । रासस

काठमाडौं गंगालाल हस्पिटलका मुटुरोग विशेषज्ञ डा. मिर्लुङ पोलीक्लिनिक दमौलीमा

जेठ ५ गते शुक्रबार

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ति लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरु थाहा पाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

*१) छातीको बिच भागमा दुख्ने, २) दम बढ्ने, ३) खुट्टाहरु सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औंलाका टुप्पा निलो हुने, ६) औंलाका टुप्पाहरु बाक्लो र चाक्लो हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोनीहरु दुख्ने, सुनिने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झड्का दिदै अनियन्त्रित रुपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।*

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ ।

जेठ ६ गते शनिबार

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इन्डोक्राइनोलोजिष्ट **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनुहुन्छ । रोगसंग सम्बन्धित बिरामीहरुले सम्पर्क राखी सेवा लिनुहोस् ।

२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउँदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरुले सम्पर्क राखी सेवा लिनुहोस ।

**रोगका लक्षणहरु** : तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइडको भएर गर्भवती भएका महिलाले पनि जाँच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ

३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलेजिष्ट **डा. सबनम आचार्य**द्वारा भिडियो एक्सरे सेवा ।

हाम्रा उपलब्ध सेवाहरु :

१) **डा. सुशिल बिक**द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

विवाह वारी २० वर्ष पारी
सानै छु बदन देऊ, बाल विवाह हैन पढन देऊ



बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो

हामी सबै मिली बालविवाह अन्त्य गरौं,
सभ्य समाजको निर्माण गरौं ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८० वैशाख २९, शुक्रबार
May 12, 2023

# ट्राफिक सप्ताह अन्तर्गत भानु र बन्दिपुरमा प्रहरीको नागरिक सुनुवाई

**डिपि अधिकारी**/बन्दिपुर

ट्राफिक सप्ताह अन्तर्गत जिल्ला प्रहरी कार्यालय तनहुँले भानु नगरपालिकाको फुस्रेटारमा र बन्दिपुरमा नागरिक सुनुवाई कार्यक्रम गरेको छ । भानुमा आयोजित नागरिक सुनुवाईमा 'लागु पदार्थ विरूद्ध सचेतना' कार्यक्रम गरिएको थियो । भानुका प्रहरी प्रमुख प्रहरी निरीक्षक रमेश विष्टले सहभागिहरूले लागुऔषध दुर्व्यसनी, कारोबार र कानुनी व्यवस्था सम्बन्धी विषयमा सहजिकरण गरेका थिए ।

त्यस्तै, पर्यटकीय नगरी बन्दिपुरमा जिल्ला प्रहरी कार्यालयको आयोजनामा नागरिक सुनुवाई कार्यक्रम गरिएको छ । ट्राफिक सप्ताहको अवसर पारेर नेपाल प्रहरीले स्थानीय नागरिकलाई दिने सेवामा नागरिकको गुनासो, सुझाबलाई समेट्दै प्रहरीको सेवालाई अझ बढी प्रभाबकारी बनाउने उद्देश्यले कार्यक्रम गरिएको तनहुँका प्रहरी उपरीक्षक अबदेश बिष्टले बताए ।

कार्यक्रममा बन्दिपुर गाउँपालिकाकी उपाध्यक्ष पञ्चमाया गुरूङ, नेकपा (माओबादी केन्द्र) बन्दिपुरका अध्यक्ष लोकबहादुर बानिया, काँग्रेसका सुनिल श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका गोबर्धन भट्टराई, कुलबहादुर गुरूङ, राष्ट्रिय जनमुक्तिका क्याप्टेन दिलबहादुर थापा, उद्योग बाणिज्य संघ बन्दिपुर ईकाइ सभापति घनश्याम उपाध्यय, उद्योग बाणिज्य संघ डुम्रे ईकाइ उप सभापति हेमलाल भिके, होटल ब्यवसायी संगीता प्रधान, सुदर्शन प्रधान, सुन्दरलाल श्रेष्ठ, बिष्णु ढकाल, अनुज पंडित, तिर्थ सेढाई, उज्वल गुरूङ, गीता लम्साल लगाएतले नेपाल प्रहरीले स्थानीय नागरिकलाई प्रदान गरिरहेको सेवाको सन्दर्भमा सल्लाह सुझाब र केही गुनासो समेत राखेका थिए ।

बोल्ने बक्ताहरूले पर्यटकीय क्षेत्रमा राती अबेरसम्म होटल खोल्न पाउनु पर्ने, प्रहरीले घरेलु हिंसाका पीडितहरूको उद्धार र पीडकलाई कानुनी कारबाहीको कठघरामा उभ्याउन अग्रशरता दिईनु पर्ने, प्रहरीले गर्ने ब्यवहारमा एकरूपता हुनु पर्ने, गाउँटोलमा सामाजिक सुरक्षा भत्ता वितरणमा सुरक्षाको हिसाबले सहयोग गर्नुपर्ने, ट्राफिक प्रहरीको नियम सबैलाई एकै किसिमको हुने गरी ब्यवहार गर्नुपर्ने, सडक सुरक्षामा ध्यान दिनुपर्ने बताएका थिए ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक अबदेश बिष्टले स्थानीहरूको जिज्ञासाहरूको जवाफ दिँदै हरेक नागरिक बिना बर्दीको प्रहरी भएकाले प्रहरी मेरो साथी भन्ने अवधारणालाई आत्मसाथ गर्नुपर्ने र सहकार्य गरी हातेमालो गर्दै अगाडि बढ्नु पर्ने बताए।


भानु नगरपालिकाको फुस्रेटारमा आयोजित नागरिक सुनुवाईमा सहभागिहरू । *तस्विर : भञ्ज्याङ*

# नक्कली भुटानी शरणार्थी प्रकरण .........

लुकाउन सम्भव नभएपछि मात्र अहिले पुनः यो घटना बाहिर आएको दाबी गरे । ओलीले जेठ ३० गते परेको उजुरीको आधारमा पक्राउ परेका व्यक्ति छाड्नुमा तत्कालिन गृहमन्त्री, तत्कालिन प्रहरी प्रमुख र उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपीमाथि प्रश्न उठाएका छन् ।

'एउटा गजबको कुरो । गएको जेठ ३० गते धेरै उजुरी परे यस सम्बन्धमा । हामी ठगियौं, हामीलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउँछु भनेर यति यति पैसा हामीसँग लिइयो भनेर निवेदन पऱ्यो प्रहरीमा। निवेदन परेपछि मान्छेहरू पक्राउ परे। जो मान्छे हुन् खास मान्छे पक्राउ परे । तर त्यसबेला अनुसन्धान महाशाखामा एसएसपी को थियो, कसले छोड्यो? त्यसबेला आईजीपी थियो, कसले छोड्यो? कसको आदेशमा आईजीपीले छोड्यो?' ओलीले प्रश्न गरे ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन ९७५ जनासँग पैसा लिएको र पीडितहरू एक पछि अर्को प्रकट भएपछि घटना सामसुम पार्ने प्रयास असफल भएको ओलीले बताए । ओलीले यो घटनामा एमाले नभई तत्कालिन शेरबहादुर देउवा नेतृत्वको सरकारको दोष भएको आरोप लगाए। 'यो केस दबाउन खोजेको कसले हो? एमाले सरकारले हो दबाउन खोजेको? केपी ओली थियो प्रधानमन्त्री? एमालेको गृहमन्त्री थियो अस्ति गएको जेठ ३० गते?' उनले प्रश्न गरे, 'समातिएका मान्छेहरू साँठगाँठ गरेर कसले छोड्यो? यसको छानबिन हुनुपर्दैन? खोजीनीति हुनुपर्दैन ? कसले छोड्यो ? किन छोडियो ?'

एमाले अध्यक्ष ओलीले जेठ ३० मा परेको उजुरीका आधारमा पक्राउ परेकाहरूलाई कांग्रेस नेता आङटावा शेर्पाले प्रहरी नियन्त्रणमै भेटेको र त्यसपछि घटना मिलाउन खोजिएको आरोप लगाए । '२०७० सालको संविधानसभा सदस्य आङटावा शेर्पा अभियुक्त थुनिएका ठाउँमा जानुभयो। प्रहरीले वेलकम गऱ्यो। दोषीहरू दुई जना र आङटावालाई घण्टौंसम्म कुरा गर्न दियो र केस अर्कोतिर गयो', ओलीले भने, '२०/२२ दिन भइसकेको बयान रोकेर फेरि बयान गरियो ।'

पक्राउ परेका मान्छेहरूले सत्य कुरा भन्न थालेपछि प्रहरीले लिइसकेको वयान पनि थन्क्याएर मिलापत्र गराइएको ओलीले आरोप लगाए । 'जेठ ३० मा निवेदन पऱ्यो असार १,२,३ गते मान्छेहरू पक्राउ परे होलान्, तर २ घण्टामा उनीहरूले त बोक्सी बकेजस्तो फररर सत्य कुरा भन्न थालेपछि चुपचुप लाग चुप लाग भनेर कागज थन्क्याएर मिलापत्र गराइयो' ओलीले भने । यो काम तत्कालिन सरकारकै संरक्षणमा भएको भन्दै ओलीले भने, 'धेरै फाइफुइँ गर्नेहरूले नगरे हुन्छ, हामीले नचिनेको मान्छे होइन, चिनेकै मान्छे हो ।'

यो प्रकरणमा नेपाली नागरिकलाई राज्यविहीन बनाउने, पैसा ठगी गर्ने अपराध राज्य संयन्त्र र राजनीतिक व्यक्तिकै संलग्नतामा भएको भन्दै ओलीले प्रहरीले निष्पक्ष छानबिन गर्नपर्ने बताए । 'अहिले छानबिन गरिरहेको प्रहरी संयन्त्रलाई निष्पक्ष ढंगबाट दृढताका साथ अगाडि बढ्न आग्रह गर्न चाहन्छु' उनले भने ।

**टोपबहादुर नाम जोडिएकामा आश्चर्यचकित भएँ**

ओलीले यो प्रकरणमा पार्टीका सचिव टोपबहादुर रायमाझीको नाम जोडिँदा आश्चर्यचकित परेको बताए। 'हामीले सोचेका थिएनौं टोपबहादुरजी कति संलग्न हुनुहुन्छ हुनुहुन्न, उहाँ संलग्न हुनुहुन्छ भन्ने हाम्रो अनुमान पनि होइन । सोचेका पनि थिएनौं । तर हामी आश्यर्च चकित भयौं ।' उनले रायमाझी विरूद्ध पक्राउ पुर्जी जारी भएकामा आशंकासमेत गरे । 'खास सोझै पैसा समाउनेहरू, पैसा बुझ्नेहरूलाई छोड्ने अनि टोपबहादुरलाई पक्राउ पुर्जी जारी गर्ने किन गऱ्यो होला ? त्यसभित्र केही त नभएको होइन होला नि ? किन त्यसप्रकारको व्यवहार गरियो?'

टोपबहादुर सम्पर्कविहीन बस्नु बेठीक भएको भन्दै ओलीले प्रहरीले अभद्र व्यवहार गर्न खोजेकाले अदालतमा उपस्थित हुने विचार गरेको जानकारी पाएको बताए । 'तर आरोपबाट तर्किने हो भने, भाग्न खोज्ने हो भने सन्देह पैदा हुन्छ। त्यसकारण सच्याइको सामना गर्नुपर्छ । दोषी भए कारबाही भोग्नुपर्छ । दोषी नभए आत्तिनुपर्दैन' उनले भने ।

**बैठकमा विभिन्न प्रतिवेदन पेस**

नेकपा एमालेको जारी केन्द्रीय कमिटीको पहिलो दिनको बैठक सम्पन्न भएको छ । एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरूङले पहिलो दिन चार निकाय र नौ प्रदेश कमिटी (दुई गैरभौगोलिक)ले 'मिसन ग्रासरूट' अभियानको समीक्षा प्रतिवेदन पेस गरेको जानकारी दिनुभयो । बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन पेस गर्नुभएको छ । केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, लेखा आयोगका अध्यक्ष डा पुष्प कँडेल र निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले प्रतिवेदन पेस गर्नुभयो ।

यस्तै, अभियानको समीक्षा प्रतिवेदन अभियानमा खटिएका नेताहरूले पेस गर्नुभयो । कोशी प्रदेशको राजेन्द्र गौतम, मधेस प्रदेश सचिव रघुवीर महासेठ, बागमती प्रदेशको सचिव गोकर्ण विष्ट, गण्डकी प्रदेश सचिव पद्मा अर्याल, लुम्बनी प्रदेश सचिव छविलाल विश्वकर्मा, कर्णाली प्रदेश सचिव योगेश भट्टराई र सुदूरपश्चिम प्रदेशको सचिव लेखराज भट्टले अभियानको समीक्षा प्रतिवेदन पेस गर्नुभयो ।

यस्तै, उपत्यका विशेष प्रदेशको समीक्षा प्रतिवेदन पोलिटब्यूरो सदस्य सुजिता शाक्य र सम्पर्क समन्वय समितिको प्रतिवेदन स्थायी कमिटी सदस्य लालबाबु पण्डितले प्रस्तुत गर्नुभयो । विहीबार पेस गरिएका प्रतिवेदनमाथि भोलि बिहान ८ देखि १२ बजेसम्म आठ समूहमा छलफल हुने छ । सोही आठ समूहले निकालेको निष्कर्षलाई आधार मानेर प्रदेश कमिटी अध्यक्षले वार्षिक कार्ययोजना प्रस्तुत गर्ने नेता गुरूङले जानकारी दिनुभयो। भोलि नै स्थायी कमिटी बैठकले समीक्षा प्रतिवेदनलाई आधार बनाएर वार्षिक कार्यक्रम बनाइने उहाँको भनाइ थियो । मिसन ग्रासरूट अभियानले पार्टीले उठाउने काम तथा नेता र जनताबीचको सम्बन्धलाई पुनःजागरण गर्ने काम गरेको उपमहासचिवसमेत रहनुभएका नेता गुरूङले जानकारी दिनुभयो । "अभियानले जुनरूपमा हाम्रो आचारण, व्यवहार शुद्ध हुनुपर्दथ्यो त्यो नभएको पाइयो", उहाँले भन्नुभयो, "पार्टीभित्र शुद्धीकरण अभियान पनि सञ्चालन गर्नुपर्दछ । वार्षिक योजनामा समावेश गर्ने छौँ ।"

प्रचार विभाग उपप्रमुख गुरूङका अनुसार अभियानको सबभन्दा राम्रो प्रभाव लुम्बिनी, गण्डकी र कोशी प्रदेशमा देखिएको छ । ती प्रदेशमा अभियानका क्रममा ६० प्रतिशत सदस्य नवीकरण भएको उहाँले बताउनुभयो । नवीकरण हुन बाँकी रहेका असार मसान्तसम्म हुने जनाइएको छ। पार्टीले गणपूरक संख्या नपुगेका तल्लोस्तरका कमिटीलाई अधिवेशन गर्नुपर्ने उहाँको भनाइ छ ।

युवालाई पार्टीमा सहभागी गराउनका लागि नयाँ शिराबाट अधिवेशन गर्ने बैठकले निष्कर्ष निकालेको जनाइएको छ । पार्टीको वैचारिक कामलाई व्यवस्थित गर्न पार्टी स्कुल विभागले तयार पारेको पाठ्यक्रम केन्द्रीय कमिटीदेखि तल्लो तहको कमिटीसम्म पठाउने निर्णय गरेको छ । पार्टी प्रवेश गरेकालाई जेठ मसान्तभित्र नवीकरण गर्ने र जेठ महिनाभित्र नै तल्लो कमिटीको सिफारिसमा जिम्मेवारी दिइनेछ । बैठकले यसअघि सचिवालय, स्थायी कमिटी र पोलिटब्यूरो बैठकले गरेका निर्णयको अनुमोदन गरेको छ । बैठक यही वैशाख ३० गतेसम्म चल्ने छ ।

## facebook twitter


**Jisan Mayal**
twitter.com/Jisanmayal
व्यक्तिको सफलता देखेर यहाँ माया दिन र पाउन हरकोहि तयार हुन्छन् । व्यक्तिले सफल हुन गरेको मेहनतको कसैलाई हेक्का हुदैन । हाम्रो असफलता र कमजोरीका बिचमा जसले हात समाएर काधमा काध जोडेर साथ दिन्छ, उनिहरूको साथ कहिल्यै छोड्नु हुदैन !


**Lenin Banjade**
twitter.com/lendaai
आरोपीले घर र मन्त्रालय पुगेर करोडौं बुझाएको बयान दिएपछि एकजना ठूलै दाइ पक्राउ परे । तिनै बयानकर्ताले पोलेका अरू दुई अरमड्डिएका भाउजू पनि छन् । कहिल्यै अवसर नपाएका महिलाको भाग खोसेर सांसद बनेका ती कुलीन भाउजूहरूलाई प्रहरी कार्यालयसम्म नघिसारून्जेल मलाई विधिप्रति खासै आशा छैन ।


**Dr.Toshima Karki**
twitter.com/tooshikarsu
राजनीतिमा केटा केटी हुन्, पानीका फोका हुन, ठेट्ना हुन् भन्नेहरूलाई रास्वपाले राम्रै दृष्टान्त दिएकोछ। भ्रष्टाचारको गन्ध मात्र आउँदा पनि संकाको सुविधा दिएनौं । तर यहाँ पक्राउ पुर्जी जारी गरिएकालाई प्रमख दलहरूनै जोगाउन भिडेका छन्। लहरो तान्दा पहरो जाला भन्ने डर हो? हेक्का रहोस् संसदमा हामी पनी छौ। लहरो हामी छोड्दैनौं लौ त, तपाईका माननीय पनि राज्यलाई बुझाएर अनुसन्धान कारवाहीमा सहयोग गर्नुस् त छनौट तपाईहरूको सच्चिने कि सक्कीने ?

# दमौलीमा मानसिक स्वास्थ्य जागरूकता प्रशिक्षण

**भञ्ज्याङ समाचारदाता**/दमौली

रोटऱ्याक्ट क्लब अफ दमौलीले मानसिक स्वास्थ्य जागरूकता प्रशिक्षण कार्यक्रम गरेको छ । क्लबले दमौली वरपरका १० वटा सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक शिक्षिकाहरूलाई उक्त प्रशिक्षण दिइएको हो । कार्यक्रममा व्यस नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले मानसिक स्वास्थ्य शारीर स्वास्थ्य भन्दा अगाडी भएको हुँदा मानसिक स्वास्थ्यको बढी महत्व रहेको बताए । उनले कुनै पनि मानिस मानसिक रूपमा सहि हुँदैन भने उ अन्य कुनैपनि काम गर्न सक्षम नहुने बताए ।

यस्तै कार्यक्रममा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख अवदेश विष्ट क्षेत्रीले मानसिक स्वास्थ्य ठिक नभएका व्यक्ति नकारात्मक बाटो तर्फ लाग्ने भएकाले समयमै पहिचान गरी सहि मार्गमा ल्याउन नजिकमा आफन्त वा साथिभाईले सहयोग गर्नुपर्ने बताए ।

यस्तै व्यास-३ का वडाअध्यक्ष अनुप रानाले मानसिक रोगको संख्या बढ्दै गएकाले यस्ता मनोपरामर्श मुलक कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक रहेको बताए ।




प्रशिक्षण कार्यक्रममा कोशिस तनहुँले सहयोग गरेको थियो । कोशिस तनहुँबाट सिता भण्डारीसंगै कोशिसका कार्यक्रम संयोजक महेन्द्र आचार्यले प्रशिक्षण दिएको क्लबका अध्यक्ष विशाल श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा दमौलीका विभिन्न विद्यालयका एक सय भन्दा बढी शिक्षक शिक्षिकासंगै विद्यार्थीको रहेको कार्यक्रम संयोजक उमेश पौडेलले बताए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४